## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण।

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | गजेन्द्रसिंह भण्डारी<br>(०८०-**CR**-००९१)<br>फैसला मिति<br>२०८१।१।१३ | **घूस रिसवत लिई भ्रष्टाचार गरेको।** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा निजलाई ऐ ऐनको दफा ३(१) बमोजिमको कसूरमा बिगो रू.८,०००।– कायम गरी ऐ ऐनको दफा ३(१) को देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३(१) बमोजिम बिगो बमोजिम जरिबानाको सजाय हुन। | **फैसला**- सफाई।<br>**सफाइ दिंदाका आधार**-<br>क) गजेन्द्र सिंह भण्डारीले आरोपित कसूरमा इन्कार रही मौका र अदालत समक्ष बयान गरेको, घूस/रिसवतको रकम प्रतिवादीको सङ्गसाथबाट बरामद भएको नदेखिएको, उजुरकर्ता स्वयम्ले भन्सार छली भारतीय नम्बर प्लेटको मोटरसाईकलमा ल्याएको युरिया मल पक्राउ गरी सो छुटाउन घुस/रिसवत दिने बेहोराको संवाद गरेको अडियोको स्क्रिष्ट राइटिङबाट देखिएको, प्रतिवादीले घुस/रिसवत रकम लिई बरामदस्थलतर्फ फालेको भन्ने बरामदी मुचुल्कामा उल्लेख भएको नदेखिएको, प्रतिवादीले उजुरकर्ताबाट रिसवत रकम लिएको देखिएन भनी वादीकै साक्षी गुलाबचन्द्र मौर्य समेतले अदालत समक्ष बकपत्र गरेका, अनुसन्धानमा कागज गर्ने वडाध्यक्ष पञ्चेश्वर कुर्मी समेतले उक्त रुपैयाँ कहाँबाट ल्याइयो, केही भन्न सक्तिनँ भनी बेहोरा खुलाएको समेतका आधार प्रमाणबाट | क) उजुरीकर्ता दुखीराम चौहानको मोटरसाइकल सहित २ बोरी यूरिया मल प्रहरी चौकी खडैचा बाँकेका इन्चार्ज गजेन्द्र सिंह भण्डारीले नियन्त्रणमा लिई उक्त यूरिया मल र मोटरसाइकल छोडी दिने प्रयोजनका लागि प्रतिवादीले घुस/रिसवत वापत उजुरीकर्ता दुखीराम चौहानसँग रु.१०,०००/- रकमवाट वार्गेनिङ शुरु गरी रु.८,०००/- रकम घुस रिसवतमा सहमति जनाई उक्त घुस वापतको रकम दिई लिईसकेको अवस्थामा प्रतिवादी गजेन्द्र सिंह भण्डारी पक्राउ परेको पुष्टि भएकोबाट निज प्रतिवादी गजेन्द्र सिंह भण्डारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादी गजेन्द्र सिंह भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुरमा बिगो रू.८,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३(१) बमोजिम बिगो बमोजिम जरिवानाको सजाय समेत हुन मागदावी लिई अभियोजन भएको प्रस्तुत मुद्दामा उजुरी निवेदक दुखीराम चौहानले मिति २०८०/९/२५ गते साँझ ५-६ बजेतिर प्रहरी चौकी परिसरमा मल र सवारी छुटाउन चौकी ईन्चार्ज गजेन्द्र सिंह भण्डारीलाई घुस रिसवत वापत रु.८०००/- दिएको हो भन्ने समेत व्यहोराको अनुसन्धानको क्रममा बयान गरेको र मौकाको बयान समर्थित बकपत्र गरेको पाइन्छ।<br>ख) प्रहरी हवल्दार गुलाबचन्द्र मौर्य समेतले मिति २०८०/९/२५ गते प्रहरी चौकी खडैचाको चौकी ईन्चार्ज प्र.स.नि.गजेन्द्र सिंह |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निज प्रतिवादीले घूस रकम लिएको प्रमाणित भएन। | भण्डारीले लगाउनु भएको कपडा कालो रङ्गको हुडीको गोजीबाट केही चीज प्रतिक्षालयको साईडमा पीपलको बोट मुनि फालेको, उक्त स्थानमा खानतलासी गर्दा गुज्मुट्टेर रहेको अवस्थामा घुस रिसवत वापत उजुरी निवेदकले दिएको रु.८०००।– बरामद भएको हो। उक्त बरामद रकमको नोट नम्बरहरु उजुरी निवेदकले निवेदनमा उल्लेख गरेको नोट नम्बरसँग दुरुस्त मेल खान्छ भन्नेसमेत व्यहोराको कागज रही सोही व्यहोराको बकपत्र रहेको पाइन्छ। हरिप्रसाद पुनको बकपत्रको जवाफ ९ र १०; रञ्जित अधिकारीको जवाफ ८ तथा कलबहादुर शाहीको जवाफ १० मा निज प्रतिवादीले घूस लिएपछि निजलाई नियन्त्रणमा लिन खोज्दा धरपकड गरी निजले घूस रकम फालेको लेखाउनुले उजुरीकर्ताले हातमै दिएको रकम फालेर निजको सँगसाथबाट बरामद हुन नसकेको पुष्टि भइरहेको छ। प्रतिवादीले घुस/रिसवत रकम लिई बरामदस्थलतर्फ फालेको भन्ने बरामदी मुचुल्कामा उल्लेख भएको नदेखिएको भनी सफाइको आधार बनाइए पनि रञ्जित अधिकारी समेतको बकपत्रमा उल्लेख भए अनुसार निज प्रतिवादीले रु आठहजार लिई अख्तियारको टोली देखेपछि फालेको पुष्टि भइरहेको पाइन्छ। यसरी प्रत्यक्षदर्शी साक्षीले बकपत्र गरेको अवस्थामा प्रतिवादीले घुस/रिसवत रकम लिई बरामद स्थलतर्फ फालेको भन्ने व्यहोरा बरामदी मुचुल्कामा उल्लेख नभएकै आधारमा सफाइ दिइएको त्रुटिपूर्ण छ।<br>ग) निवेदक दुखीराम चौहानसँग प्रतिवादी गजेन्द्र सिंह भण्डारीले घुस/रिसवत बार्गेनिङ गर्ने क्रममा रेकर्ड गरिएको श्रव्य दृष्य फोन वार्तालापमा प्रतिवादी गजेन्द्र सिंह भण्डारीले *"लाइन मिलाएर काम गरेको भए हुन्थ्यो; दश हजार हो म आठ हजार लिएर छोडी हाल्छु"* भनी वार्तालाप भएको सुनिएको अबस्था छ। उक्त बार्तालापको श्रव्यदृष्य स्क्रिप्ट राइटिङमा प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गजेन्द्र सिंह भण्डारीले घुस रिसवत माग गरेको वार्तालाप पुष्टि हुने डरले सहीछाप गर्न इन्कारी गरेको देखिन्छ। स्वर परीक्षण प्रतिवेदन (VSA) मा उक्त रेकर्डमा रहेको आवाज प्रतिवादी प्र.स.नि. गजेन्द्र सिंह भण्डारीसँग "The speaker's identification traits match with confidence level of more than 99%.Match probability is more than 64.1%"मेल खाएको भन्नेसमेत व्यहोराको स्वर परीक्षण प्रतिवेदन देखिएकोवाट उक्त श्रव्य दृष्य रेकर्डको स्वर प्रतिवादी गजेन्द्र सिंह भण्डारीको रही निज प्रतिवादीले निवेदकसँग मोटरसाइकल र मल निजको नियन्त्रणबाट छाड्न घुस/रिसवत माग गरी रु.८०००।-घुस रिसवत लिएको पुष्टि भएको अबस्था छ। अनुसन्धानको क्रममा सङ्कलित श्रव्यदृष्य विवरण परीक्षण गर्दा "Extraction File Data Integrity INTACT" भन्नेसमेत व्यहोराको DIGITAL FORENSIC UNIT को परीक्षण प्रतिवेदन रहेकोले उक्त परीक्षण प्रतिवेदनको व्यहोरा सत्य रहेको पुष्टि भइरहेको पाइन्छ।<br>घ) प्रतिवादी र दुखीराम चौहान बीचको कुराकानीमा लाइन मिलाएर काम गर्नू भनी भ्रष्टाचारलाई प्रोत्साहन गरेको; आठहजार लिएर छोड्ने कुरा गरेको देखिन्छ। निज प्रतिवादीकै साक्षी करन सिँ ठगुन्नाको बकपत्रको जवाफ ७ मा दुखीराम चौहानले उजुरी निवेदन नदिएको बरु अख्तियारले आफै निवेदन लेखेर फसाएको लेखाएको तर जवाफ ८ मा तस्करी गर्न नपाएपछि नियतवश फसाएको भनी निज प्रतिवादीको व्यहोरा खण्डन हुने गरी विरोधाभाषपूर्ण बकपत्र व्यहोरा रहेको पाइन्छ। अडियो स्कृप्ट राइटिङको प्रतिकृयामा निज प्रतिवादीले उजुरीकर्ताले सहजै तस्करी गर्न नपाएपछि आफूलाई फसाइएको भनेका छन्। साथै निजले अनुसन्धान अधिकृतले नै अख्तियारको नेपालगञ्ज कार्यालयमा फोन गरी अख्तियारकै २/३ जना प्रहरीलाई प्रतिवादीले पैसा फालेको देखेको कुरा लेख्न लगाउनू भनेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मनगढन्ते कुरा गरी आफूलाई निर्दोष सावित गर्ने असफल प्रयास गरेको पाइन्छ। साथै प्रतिवादी गजेन्द्र सिंह भण्डारीको पोलिग्राफ परीक्षणमा DECEPTION INDICATED भन्ने व्यहोराको प्रतिवेदन देखिएकोबाट प्रतिवादीले सत्य तथ्य लुकाई कसुरबाट उम्कन झुठा विवरण दिएको देखिन्छ।<br>ङ) उजुरीकर्ता दुखीराम चौहानको बकपत्रमा उजुरी निवेदन आफ्नै रहेको लेखाएका छन्। जवाफ ७ मा प्रतिवादीकै हातमा रकम दिएको, उनले कता राखेका थाहा भएन भनी लेखाएको पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणग्राह्य हुँदाहुँदै पनि सफाइ दिएको त्रुटिपूर्ण छ। त्यसैगरी प्रतिवादीले उजुरकर्ताबाट रिसवत रकम लिएको देखिएन भनी वादीकै साक्षी गुलाबचन्द्र मौर्य समेतले अदालत समक्ष बकपत्र गरेका भनी निज प्रतिवादीलाई उजुरीकर्ताले सबैको अगाडि घूस रकम दिएको हुनुपर्थ्यो भन्नेजसरी घूस रकम सार्वजनिक गरी दिनुपर्ने अर्थमा सफाइको आधार बनाउनुले समाजमा भ्रष्टाचार मौलाउनेतर्फ अदालत सचेत नरहेको देखिन्छ। यसरी प्रत्यक्ष तथा परिस्थितिजन्य प्रमाणहरूले निज प्रतिवादीले घूस रकम लिएको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीलाई आरोप-पत्र मागदाबी बमोजिम सजाय हुनुपर्नेमा सफाइ दिने गरी भएको फैसला बदरभागी छ। |